**मिति: २०८१/०४/२८**

**सम्माननीय प्रधानमन्त्री,**

**नेपाल सरकार,**

**नेपाल ।**

**विषय : <u>सुझाव पेस गरिएको बारे ।</u>**

सम्माननीय ज्यू,

उपरोक्त सम्बन्धमा जेठ ६, २०८१ बाट असार ०५, २०८१ सम्म मैले राष्ट्रिय स्वतन्त्र पार्टीको महामन्त्रीको रूपमा पार्टी निर्देशन बमोजिम देशका ३८ वटा जिल्लामा समीक्षा यात्राका लागी पुगेर २०७९ जना भन्दा बढी जनतासँग प्रत्यक्ष भेटेर राष्ट्रका विविध विषयमा दोहोरो अन्तर्क्रिया गर्ने अवसर प्राप्त गरेँ । पार्टीको कार्यक्रम भए पनि , मैले भेटेका जनता आम जनता थिए र राष्ट्र निर्माणमा जनताले दिएका सुझाव महत्त्वपूर्ण भएकाले पार्टी महामन्त्रीको रूपमा नभई आम नेपाली नागरिकको हैसियतमा सम्माननीय सामु सुझाव पेस गर्दै छु । नेकपा एमाले, रास्वपा र नेकपा माओवादी केन्द्रको सहकार्यमा बनेको सरकारका लागी न्यूनतम साझा कार्यक्रम बनाउने कार्यदलमा दुवै पटक सदस्य भएर पनि काम गरिसकेको छु । यसर्थ, मैले आफ्ना पनि केही सुझाव र देश यात्राका क्रममा जनताबाट प्राप्त सुझाव समेटी तपसिल बमोजिम सुझावहरू सम्माननीय सामु पेस गर्न चाहन्छु ।

**१) प्रशासन सुधार**

सम्माननीय प्रधानमन्त्री ज्यू, देशमा आम जनताको सबैभन्दा ठुलो माग प्रशासन सुधार रहेको कुरा मैले महसुस गरेँ । पहुँच नभएका जनताका लागी सार्वजनिक प्रशासन व्यापक झन्झटिलो देखिएको छ, त्यसका साथै यी भ्रष्ट्राचारको अड्डा भएको छ । तसर्थ, प्रशासन सुधारका लागी यथेष्ट, छिटो ठोस काम अगाडी बढाउनु पर्नेछ, अन्यथा यसका कारण व्यवस्था र लोकतन्त्रप्रति नै जनतामा निराशा अझ बढी बढ्न सक्छ ।

**२) स्थानीय सरकारका भ्रष्ट्राचार र बेथिति नियन्त्रण**

संघीयतामा गएपछि स्थानीय सरकारका काम कारबाही केही आशा लाग्दा भए पनि यस तहमा भ्रष्ट्राचार र बेथिति मौलाइरहेको छ । स्थानीय निकायको भ्रष्ट्राचार रोक्न संवैधानिक आयोगहरू मात्र पर्याप्त नरहेका कारण संघीय सरकारबाट पनि त्यसका लागी केही पहल हुन जरुरी छ । आवश्यक पर्दा , संविधान संशोधन गरेर भए पनि भ्रष्ट्राचार र बेथिति नियन्त्रणमा संघीय सरकारको भूमिका खडा गरिनुपर्छ ।

**३) मिटर व्याज पीडितको समस्या समाधान**

मिटर व्याज पीडितहरूलाई न्याय प्रदान गरिन बनाइएको कानुन भूत प्रभावी हिसाबमा काम नगर्ने भएकाले बनाइएका कानुनले मिटर व्याज पीडितको समस्या समाधान गर्न नसक्ने स्थिति छ । त्यसका साथै, विद्यमान कानुनका कारण मधेसको अर्थतन्त्र चलायमानतामा पनि समस्या आइपरेको छ । राज्यका कानुनी विज्ञसँग सघन छलफल गराई यससम्बन्धी कानुनलाई आवश्यक परिमार्जन गर्नु आजको आवश्यकता हो । यसो गर्न नसकेको खण्डमा निकट भविष्यमा यसले ठुलो समस्याका रूपमा मधेस र सिङ्गो राज्यलाई गइजेल्ने सम्भावना रहेको छ ।

**४) खानेपानी, सिँचाइ, मल र बजारको व्यवस्था गरी किसानको समस्या समाधान**

विज्ञहरूको राय अनुसार चुरे दोहनका कारण मधेसमा खानेपानीको समस्या विकराल बन्दै गएको छ । खानेपानीको नै समस्या भए पछि सिँचाइको समस्या पनि उतिकै विकराल रहेको छ । साथै, कृषि क्षेत्रमा मलको अभाव, बजार व्यवस्था नहुनु जस्ता समस्या देखा परेका छन् जसका कारण जमिन बाँझो नै राखी किसानहरू वैदेशिक रोजगारीमा जान बाध्य भएका छन् । कृषिका यी समस्या हल गरे , मुलुक आत्मनिर्भरताको बाटोमा अघि बढ्नेछ भने आम नेपालीको जीवनस्तर बढाई सम्माननीय ज्यूको पहलमा राज्यको आकांक्षा बनेको समृद्ध नेपाल, सुखी नेपालीको सपना पूरा गर्न सकिनेछ ।

**५) अस्पतालसम्म पुग्ने पिच रोड**

सम्माननीय ज्यूकै पहलमा मुलुकका सबै स्थानीय तहमा प्राथमिक अस्पताल निर्माणाधीन अवस्थामा रहेका छन् । मैले यात्राको क्रममा पनि ती अस्पतालहरू बनिरहेको देखे । सम्माननीय ज्यू, ती अस्पताल निर्माण चाँडो सम्पन्न गर्न आवश्यक छ र तीनको सञ्चालनको मोड्यालिटी पनि छिटो तय गर्नुपर्नेछ । त्यसका साथै, जनताले अस्पतालसम्म पुग्ने पिच रोडको माग पनि गरेका छन् । अस्पतालसम्म पिच रोड पुग्ने गरी भौतिक विकासका कार्यक्रम तोक्न सके जनताले अस्पतालको अनुहार नै नदेखी मृत्यु हुने अवस्थाको अन्त्य गर्न सकिन्छ ।

**६) शिक्षामा क्यालेन्डर**

शिक्षा प्रणालीलाई रोजगार मुखी, वैज्ञानिक बनाउनु पर्ने चुनौती त छँदै छ , त्यसका साथै शिक्षा क्षेत्रमा नर्सरीदेखि पिएचडीसम्म क्यालेन्डरको पालना हुनु अति आवश्यक छ । यसका लागी दण्ड-सजाय, क्षतिपूर्ति एवं प्रोत्साहनको नीति अवलम्बन गरी शिक्षा क्षेत्र अनिवार्य रूपमा क्यालेन्डरमा चल्ने गरी कार्य योजना अघि बढाउनु पर्नेछ ।

**७) उद्यमशीलता प्रवर्द्धन एवं उत्पादन वृद्धि**

उद्यमशीलता प्रवर्द्धन एव मुलुकमै उत्पादन वृद्धिमा आवश्यक नीति तर्जुमा गरी कार्यान्वयन गर्नुपर्नेछ । मेड इन नेपाल, मेक इन नेपालको नीतिलाई अविलम्ब कार्यान्वयनमा ल्याई उद्यम र उत्पादनमा जनतालाई केन्द्रित हुने गरी वातावरण बनाउनु आजको आवश्यकता हो । केही प्रतिशतसम्म महँगो भए पनि सार्वजनिक निकायले उपलब्ध भएसम्म नेपाली सामाग्री नै उपभोग गर्नु पर्ने नीतिलाई कडाइका साथ कार्यान्वयन गरिनुपर्नेछ ।

**८) सार्वजनिक खरिद ऐनमा सुधार**

विकास योजनाहरू दशकौँ देखि बनी मात्र रहेका छन्, कहिले बनिसकेनन् । यसका पछाडि सार्वजनिक खरिद ऐनका केही व्यवस्था कारक मानिएका छन् । निर्माण क्षेत्रलाई पनि क्यालेन्डर अनुसार अघि बढाउन सार्वजनिक खरिद ऐनलाई आजको आवश्यकता अनुसार सुधार गरिनुपर्छ ।

**९) प्राकृतिक सम्पदाको प्रयोग**

सम्माननीय ज्यू, निकुञ्ज वा वन क्षेत्र नजिकका जनताले तीनबाट लाभ लिनुको सट्टा विविध कानुनका कारण उल्टो मारमा परिरहेका छन् । विश्वभर प्राकृतिक सम्पदाको प्रयोग गरेर देश र जनता धनी भएका छन्, तर नेपालमा उल्टो सास्ती भोग्न जनता बाध्य भएका छन् । विकास पनि नरोकिने, वातावरण पनि नबिग्रने गरी नीति अवलम्बन गरिनुपर्छ ।

**१०) अन्तर्राष्ट्रिय सम्बन्धमा सुधार**

नेपाल विदेशीको खेल मैदान बनिरहेको जनताको ठम्याइ छ, र यसप्रति जनतामा निराशा र आक्रोश छ । विदेश नीतिलाई स्थायी बनाउनुपर्छ । नेपाल र नेपालीलाई केन्द्रमा राखेर विदेश नीति तय हुनपर्छ । नेपाल कुनै राष्ट्र विरुद्ध प्रयोग हुनुहुन्न र शान्ति क्षेत्रको अवधारणालाई फेरी अघि बढाइनपर्छ । छिमेकी देश भारतसँग अब Brotherhood को सम्बन्धको साटो Sisterhood को अवधारणामा सम्बन्ध अघि बढाइनपर्छ । खेल कूटनीति, मनोरञ्जन कूटनीति लगायत प्रयोगमा ल्याइ अन्तर्राष्ट्रिय सम्बन्धलाई नयाँ आयामबाट अघि बढाइनपर्छ ।

**११) आइटी हवका रूपमा नेपाल**

आजको दिनमा कार्डलेस र फेसलेस गभर्मेन्टको अवधारणामा राज्य अघि बढाउनुपर्छ । जसका लागी राष्ट्रिय आइटी आयोग तहमा नै स्थायी संरचना बनाइ राज्यका सेवा एवं सञ्चालन डिजिटल प्रविधिमा ढालिनुपर्छ । त्यसका साथै, आइटी क्षेत्रलाई वैदेशिक मुद्रा आर्जनको प्रमुख श्रोतको रूपमा विकास हुने गरी प्रोत्साहन युक्त नीतिहरू अवलम्बन गर्न आवश्यक छ ।

**१२) लुम्बिनीमा मायादेवी प्रसूति गृह एवं गौतम बुद्ध शिशु स्याहार अस्पताल निर्माण**

भगवान् गौतम बुद्धको जन्मभूमि लुम्बिनीमा मायादेवी प्रसूति गृह एवं गौतम बुद्ध शिशु स्याहार अस्पताल निर्माण गर्न सकिन्छ । १००० शय्याको अस्पताल निर्माण गरी विश्वभरका बौद्ध धर्मावलम्बीहरूलाई भगवान् गौतम बुद्ध जन्मस्थानमा बच्चा पाउन आग्रह गरौँ । यो स्वास्थ्य पर्यटन र धार्मिक पर्यटनको फ्युजन हुनेछ र यसले पर्यटन क्षेत्रमा फड्को मार्न सहयोग पुऱ्याउन मद्दत गर्नेछ ।

**१३) वैदेशिक रोजगारीमा गएर समस्यामा परेकाहरूका लागी उद्धार**

वैदेशिक रोजगारीमा गएका नेपालीका कारण हाल नेपालको अर्थतन्त्र चलिरहेको छ । वैदेशिक रोजगारीमा गएका कैयन नेपाली विदेशमै अलपत्र पर्ने , विदेशमै मर्दा लास पनि नेपाल ल्याउन मुस्किल हुने लगायतका अनेकौँ समस्या देखिएका छन् । यसर्थ वैदेशिक रोजगारीमा गएर विदेशमा समस्यामा परेका नेपालीको उद्धार र राहतका लागी आवश्यक कार्यक्रम यथाशीघ्र ल्याइयोस् ।

**१४) न्यायालयमा सुधार र कानुन निर्माणमा चुस्तता**

न्यायालयको श्रोत र साधनको सीमितता लगायत अन्य थुप्रै समस्याका कारण समयमा नै न्याय नपाउने समस्याका कारण नागरिकमा व्यवस्थाप्रति नै निराशा ल्याइरहेको छ । विधिको शासनप्रति विश्वास बढाउन न्यायालय सुधारका लागी न्यायालयलाई आवश्यक श्रोत र साधनको व्यवस्था गरिनुपर्छ । त्यसका साथै, नेपालमा कानुन निर्माणको प्रक्रिया नै ढिलो भएका कारण यसलाई पनि छिटो बनाइनुपर्छ । राष्ट्रिय सभा र प्रतिनिधि सभाका संसदीय समितिहरू फरक फरक नबनाई एउटै बनाएर जाँदा संसदीय अभ्यासमा लाग्ने समयलाई कम गर्न सकिन्छ । विज्ञहरूको परामर्शमा कानुन निर्माणको गतिलाई पनि चुस्तता प्रदान गर्नुपर्छ । त्यसका साथै, कानुनहरू “लाइट बट टाइट” नीति अनुसार अघि बढाइनपर्छ । हाल “टाइट बट लाइट” नीतिअनुसार अघि बढ्दा यसले देशमा भ्रष्ट्राचार मौलाएको छ र विधिको शासन स्थापनामा पनि चुनौती देखा परेका छन् ।

**१५) संविधान संशोधनका लागी सुझाव**

वर्तमान सरकारले संविधान संशोधन पनि गर्ने कार्यभार रहेको बताएकाले यसका लागी पनि केही सुझाव पेस गर्न चाहन्छु ।

क) इन्तु, किन्तु , परन्तु केही नलगाई प्रदेश खारेज गर्नुपर्छ । जनतामा प्रदेश संरचनालाई लिएर व्यापक निराशा र आक्रोश रहेको छ ।

ख) जिल्ला समन्वय समिति खारेज हुनुपर्छ ।

ग) पिच रोड पनि नपुगेका पालिकालाई नगरपालिका भनिने जस्तो भद्दा मजाक नहुने गरी स्थानीय सरकारसम्बन्धी व्यवस्थालाई आवश्यक सुधार गरियोस् ।

घ) उपराष्ट्रपति जस्तो सेरमोनियल पदहरू खारेज गरियोस् ।

ङ) स्थिर निर्वाचन प्रणाली अवलम्बन गरियोस् तर समावेशिताको उपलब्धिलाई नघटाइयोस्, बरु बढाइयोस् । थ्रेस होल्ड बढाउने, एउटै मतपत्रमा निर्वाचन गर्ने, एक पटक समानुपातिकबाट निर्वाचित फेरी समानुपातिकबाट निर्वाचित हुन नपाउने जस्ता व्यवस्था गरे वर्तमान निर्वाचन प्रणालीलाई नै सुधार गर्न सकिनेछ । ब्लक भोटिङ सिस्टम लगायत अन्य प्रणालीमा गएर समावेशिता र प्रत्यक्ष निर्वाचन प्रणालीलाई पनि अवलम्बन गरी स्थिर सरकारका लागी आवश्यक संशोधन पनि गर्न सकिनेछ ।

च) एक पटक नेपाली नागरिकता त्यागेका व्यक्तिले फेरी नेपाली नागरिकता लिएमा त्यस्तो नेपाली नागरिकलाई नेपालको संविधानको धारा २८९ (१) बमोजिम मनोनयन वा नियुक्त हुन दिनुहुँदैन । वयस्क भइसकेपछि नागरिकता त्याग्ने व्यक्ति राज्यको महत्त्वपूर्ण उच्च ओहदामा नियुक्ति हुँदा, ती व्यक्तिको मगजमा फेरी राष्ट्र त्यागिदिने मनोविज्ञान नआउला भन्न नसकिने भएकाले , यो व्यवस्था संविधानको मर्म कार्यान्वयनका लागी संविधानमा नै राखिन आवश्यक छ ।

ज) संविधानको धारा २६५ बमोजिम आयोगहरू पुनरावलोकन गरी राष्ट्रिय सामाजिक न्याय आयोग गठन गरी विभिन्न क्लस्टर अन्तर्गतका आयोगहरू त्यसै अन्तर्गत समायोजन गरिनुपर्छ ।

सम्माननीय ज्यूबाट प्राप्त समयका लागी धन्यवाद ज्ञापन गर्न चाहन्छु । मेरा सुझावउपर सम्माननीय प्रधानमन्त्री ज्यूको उचित ध्यानाकर्षण भई आवश्यक काम कारबाही अघि बढाइनेछ भनी विश्वास लिएको छु ।

सहयोगका लागी धन्यवाद ।

**भवदीय,**

**डा. मुकुल ढकाल**